# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, माघ ०९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४५


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

<u>प्रस्तावना</u>ः कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** (१) यस कार्यविधिको नाम "कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ **<u>कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० को दफा ५ मा संशोधनः</u>** कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० को दफा ५ को,-

“(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आर्थिक रुपले विपन्न नागरिकलाई कडा रोग लागि आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ बमोजिम परेको निवेदन उपरको हकमा मात्रै दफा ६ बमोजिमको समितिको सिफारिसमा अनुसूची-२ बमोजिमको उपचार सहुलियत रकम सम्बन्धित मन्त्रालयले त्यस्तो निवेदकको विपन्न नागरिकको बैंक खातामा उपलब्ध गराउने छ।"

(२) दफा (५) को उपदफा (५) झिकिएको छ ।,”

स्वीकृत मिति : २०८१/१०/०९

आज्ञाले,
कमल बहादुर थापा
नि. प्रदेश सचिव